# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## मादी गाउँपालिका

### कास्की





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मादी गाउँपालिका

### कास्की




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मादी गाउँपालिका

कास्की

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. २६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
मादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
कास्की।

**कैफियत सहितको राय**

हामीले मादी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ९३ लाख ७१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १० लाख ८२ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३० लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १८ लाख र नियमित गर्नुपर्ने रु ३४ लाख ५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९६ लाख ४६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १ करोड १४ लाख ७९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

# मादी गाउँपालिका, कास्की

## चालु वर्षको बेरुजु २०७८।७९

### १.१.    बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३४ | २४ | ९३७१ | ० | ७ | १०८२ | ३४ | १७ | ८२८९ | ३०८४ | ३४०५ | १८०० | ० | ० | ५२०५ | ० |

### १.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | अन्तिम प्रतिवेदनको दफा नं | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|---|
| १ | ३५ | ३३ | घामनुङ खोला झो पु को न्युन विजकिकरण वापतको मु अ कर असुल भएको | ४१८३ |
| २ | ४८ | ४८ | वढी दरमा भुक्तानी भएको रकम असुल भएको | ७६८७ |
| ३ | ५० | ५० | पाइप खरिद तथा वितरण गरेकोमा मुल्यांकन पेश नभएको | ७६६८५७ |
| ४ | ५२ | ५२ | ताङतिङ कप्रु सडकको वढी भुक्तानी रकम असुल भएको | ४९०० |
| ५ | ३७ | ३७ | इन्टरनेट जडान अनुदान असुल भएको | ६०००० |
| ६ | ३१ | ३४ | पाठ्यपुस्तक अनुदानमा वढी निकासा भएको रकम असुल भएको | २९८२४ |
| ७ | ५६ | ५५ | जालीको प्रयोग नखुलेकोमा प्राविधिक मुल्यांकन पेश भएको | २०८१११ |
| | | | जम्मा | १०८१५६२ |

## २.    अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मादी गाउँपालिका, कास्की | ९६४६ | ० | ६४५६ | ३१९० | ० | ८२८९ | ११४७९ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मादी गाउँपालिका, कास्की , मादी गाउँपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोपी कृष्ण अर्याल | २०७९-४-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी कोइराला | २०७६-१-६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ८,२८९,४८६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १४,७६,९४,१०६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,८४,८२,७०५ | **चालु खर्च** | ३३,५९,४८,१९६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७०,९३,००० | **पूँजीगत खर्च** | १५,११,५९,०३७ |
| **राजश्व बाँडफाँट** | ७,४६,०१,०५९ | **वित्तीय/अन्य व्यवस्था** | १३,९४,३७,८२० |
| **आन्तरिक आय** | २,९६,२७,७०३ | | |
| **अन्य आय** | १६,३४,३८,८३६ | | |
| **कुल आय** | ६२,३२,४३,३०३ | **कुल खर्च** | ६२,६५,४५,०५३ |
| **बाँकी मौज्दात** | | १४,४३,९२,३५६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी,, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत १२ वडा रहेका छन भने यसको क्षेत्रफल ५६३ वर्ग किलोमिटर रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| ३ | | | **आर्थिक विवरण** | |

| विवरण | यस वर्ष रु. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५३,८०,०१,०२८.९० | ४८,७१,१८,१९५.५८ | ४८,७१,१८,१९५.५८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५२,२४,३८,५८०.०० | ४८,३२,६३,२१९.५८ | ४८,३२,६३,२१९.५८ |
| ११००० कर | ९,६४,५५,०००.०० | ९,०८,१०,४५०.४८ | ९,०८,१०,४५०.४८ |
| १३००० अनुदान | ४०,९३,२३,५८०.०० | ३५,५५,७५,७०५.०५ | ३५,५५,७५,७०५.०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| संघीय सरकार | ३८,७९,०३,५८०.०० | ३३,८४,८२,७०५.०५ | ३३,८४,८२,७०५.०५ |
| प्रदेश सरकार | २,१४,२०,०००.०० | १,७०,९३,०००.०० | १,७०,९३,०००.०० |
| १४००० अन्य राजस्व | १,६६,६०,०००.०० | ३,६४,१३,०४७.०५ | ३,६४,१३,०४७.०५ |
| १५००० विविध प्राप्ति | 0 | ४,६४,०१७.०० | ४,६४,०१७.०० |
| ख. अन्य प्राप्ति | १,५५,६२,४४८.९० | ३८,५४,९७६.०० | ३८,५४,९७६.०० |
| वितरण गर्न बाकी राजस्व | 0 | 0 | 0 |
| कोषहरु | १,५५,६२,४४८.९० | १७,०१,३०३.०० | १७,०१,३०३.०० |
| धरौटी | 0 | २१,५३,६७३.०० | २१,५३,६७३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | 0 | 0 | 0 |
| भुक्तानी (ग+घ) | ६७,३२,२६,३७७.४७ | ४९,०४,१९,९४५.८३ | ४९,०४,१९,९४५.८३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६५,७६,६३,९२८.५७ | ४८,७१,०७,२३३.८३ | ४८,७१,०७,२३३.८३ |
| २१००० पारिश्रमिक / सुविधा | ९,५१,६६,०००.०० | ६,७८,०३,९५१.३९ | ६,७८,०३,९५१.३९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,२५,३१,६२४.५७ | ७,६२,९४,०४८.०५ | ७,६२,९४,०४८.०५ |
| २५००० सहायता (Subsidy) | 0 | 0 | 0 |
| २६००० अनुदान | १९,२४,४१,०००.०० | १८,०३,४४,४४७.०० | १८,०३,४४,४४७.०० |
| २७००० सामाजिक सुरक्षा | १,४४,३६,०००.०० | ८१,१५,५७७.०० | ८१,१५,५७७.०० |
| २८००० अन्य खर्च | ८६,००,०००.०० | ३३,९०,१७३.०० | ३३,९०,१७३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २३,४४,८९,३०४.०० | १५,११,५९,०३७.३९ | १५,११,५९,०३७.३९ |
| घ. अन्य भूक्तानी | १,५५,६२,४४८.९० | ३३,१२,७१२.०० | ३३,१२,७१२.०० |
| कोषहरु | १,५५,६२,४४८.९० | १९,१८,१८०.०० | १९,१८,१८०.०० |
| धरौटी | 0 | १३,९४,५३२.०० | १३,९४,५३२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | 0 | 0 | 0 |
| ङ. यो वर्षको बचत (न्युन) | (१३,५२,२५,३४८.५७) | (३३,०१,७५०.२५) | (३३,०१,७५०.२५) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४,७६,९४,१०६.४७ | १४,७६,९४,१०६.४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | (१३,५२,२५,३४८.५७) | १४,४३,९२,३५६.२२ | १४,४३,९२,३५६.२२ |
| | | | |
| बैंक तथा नगद बाकी | | १४,४३,९२,३५६.२२ | १४,४३,९२,३५६.२२ |

अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फको आम्दानी तथा खर्च

| **आम्दानी शिर्षक** | **रकम** | **खर्च शिर्षक** | **रकम** |
|---|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | १५६०९७६२५ | सामाजिक सुरक्षा तथा संरक्षण | १५६०९७६२५ |
| गरीबसँग विशेश्वर कार्यक्रम | ६७३००० | गरीबसँग विशेश्वर कार्यक्रम | ६७३००० |
| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६६६८२११ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६६६८२११ |
| **जम्मा** | १६३४३८८३६ | **जम्मा** | १६३४३८८३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा रु ८०१८६७.०० असुल तथा दाखिला भइ प्रमाण पेश भएको छ । | |
| ५ | | | **आन्तरीक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 7(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>·· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>· निजामती सेवा ऐन, 2049 को दफा 7 (2) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सब इन्जीनियर, कम्प्युटर अपरेटर सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७ | | | **कानुन निर्माण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्र कार्यविस्तृतीकरण अनुसार ३६० कानुनको कार्यान्वयन गर्नुपर्दछ । यस विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २८ ऐन, ५ नियमावली, १ निर्देशिका २ मापदण्ड, ५८ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>वजेट मध्ये खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४४०७४.५८०</td><td>२४६७२.५२९</td><td>५५.९८</td></tr>
<tr><td>सामाजिक विकास</td><td>३२५९७४.१२४</td><td>२६३६९३.२८५</td><td>८०.८९</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१३७६८९.७२४</td><td>१००६४८.१५८</td><td>७३.०९</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२८९६५.०००</td><td>२२७२९.९८९</td><td>७८.४७</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१२०९६०.५</td><td>७५३६३.२७२</td><td>६२.३</td></tr>
<tr><td>जम्मा</td><td>६५७६६३.९२८</td><td>४८७१०७.२३३</td><td>७४.०६</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ६०.०१ प्रतिशत खर्च भएको देखिन्छ।त्यसैगरी असार महिनामा ५४.१४ खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| **पुँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च (रु.हजारमा)** | | | **असारको मात्र खर्च** |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेसो चौमासिक** | |
| संघ सर्शत | १९७९७.३२६ | ० | ६७८६.७६७ | १३०१०.५५९ | १४६०३.४८५ |
| संघ विशेष | ० | ० | ० | ० | |
| समपुरक अनुदान | ३०१३.०० | ० | २५००.०० | ५१३.०० | |
| प्रदेश सर्शत | ४१६०.०० | ० | १५००.०० | २६६०.०० | |
| जम्मा खर्च | २६९७०.३२६ | ० | १०७८६.७६७ | १६१८३.५५९ | |
| खर्चको प्रतिशत | | ० | ३९.९९ | ६०.०१ | ५४.१४ |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **पुँजिगतवाट चालु प्रकृतीका खर्चः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शीर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शीर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो।यसमा कार्यालयले सुधार गर्नुपर्दछ। | |

| भौ न | कार्यक्रम | रकम |
|---|---|---|
| १३० | संरक्षण युवा क्लव सामाग्री खरिद वितरण | १००००० |
| २३५ | रिवलुङ युवा क्लव किचन सामाग्री खरिद तथा वितरण | ६०००० |
| ३०९ | ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण | ८७३८०० |
| ३१९ | वडा नं ७ आमा समुह फर्निचर तथा भाँडा वितरण | ४३५३९४ |
| ३२२ | वडा नं ९ पाठापाठी तथा विउविजन वितरण | ९९९६० |
| ३३८ | अनुदानमा राइस कुकर वितरण | २१७७६४ |
| ३४२ | ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण | २०१८९५० |
| जम्मा | | ३८०५८६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **योजना छनौट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक र नीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सोही | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले ।स्थानीयस्तरका विकास आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्यांकन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ। पालिकाले ५ लाख मुनिका साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेको देखियो । पालिकाले मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ मध्यम र ठूला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| १२ | | | **योजना र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| विवरण | योजना संख्या | रकम | |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका योजना | १८० | १४९९३ |
| २ | रु. एक लाख एक देखि रु. ५ लाख सम्मका योजना | १२४ | ३४०२५ |
| ३ | रु. ५ लाख एक देखि रु. १० लाख सम्मका योजना | ४८ | ४१७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | रु. १० लाख एक देखि रु. ५० लाख सम्मका योजना | ३३ | ७५०१९ |
| ५ | रु. ५० लाख भन्दा माथिका योजनाहरु | ११ | ६८७५० |
| | जम्मा | ३९६ | २३४४८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कार्यक्रमगत प्रगती** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्र X-Ray प्रिन्टर | ३११२२ | ५०० | ० |
| क्रपुडाँडा क्होलासोंथर ठूलेक कोरी समेतका स्थानको डकुमेन्ट्री (भिडियो वृत्तचित्र) निर्माण | ३११३५ | ५०० | ० |
| स्यांगे-डाँडापारी-कुलेडाँडा-दिम्लीखोला-लोकमार्ग जोड्ने सडक निर्माण | ३११५१ | ५०० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | बुम्लेखोला कल्भर्ट संरक्षण तथा बाटो निर्माण | ३११५१ | ५०० | ० | |
| | | | वडा नं १२ वडा स्तरीय भलिबल खेल मैदान निर्माण योजना | ३११५९ | ६०० | ० | |
| | | | रवै नरीबाट पोशी सिद्ध मन्दिर हुँदै पर्क्यु जाने बाटो | ३११५१ | ६०० | ० | |
| | | | सुन्दरडाँडा समाजघर निर्माण | ३१११२ | ६०० | ० | |
| | | | वडा कार्यालय बाहिर शौचालय र सवारी पार्किङ निर्माण | ३११५८ | ६०० | ० | |
| | | | खेलकुद पूर्वाधार निर्माण वडा नं. | ३११५९ | ८०० | ० | |
| | | | स्वास्थ्य चौकी फर्निचर तथा फिक्चर्स | ३११२३ | १००० | ० | |
| | | | सडक बोर्डसंगको साझेदारीमा सडक सुधार योजना | ३११५१ | १००० | ० | |
| | | | ताङतिङ खेलमैदान निर्माण | ३११५९ | १२०० | ० | |
| | | | पर्यटन पूर्वाधार निर्माण तथा सुधार योजना | ३११५९ | १५०० | ० | |
| | | | गाउँपालिका स्तरीय खेलग्राम पूर्वाधार निर्माण योजना | ३११५९ | १५०० | ० | |
| | | | प्रदेश सरकार समपुरक तथा साझेदारी | ३११५९ | २००० | ० | |
| | | | छाचोक आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन ट्रष्ट | ३११५९ | २५०० | ० | |
| | | | पूर्वाधार विकास निर्माणमा जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान खर्च | ३११५९ | ५००० | ० | |
| | | | स्यारचोक कुस्कुडाँडा खानेपानी योजना वडा नं ३ | ३११५६ | ५८०० | ० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जग्गाप्राप्ति खर्च</td><td>३१४११</td><td>६०००</td><td>०</td></tr>
<tr><td>धारापानी स्याङ्गे हरियो स्वाँरा खानेपानी योजना वडा नं ३</td><td>३११५६</td><td>३२००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
सेवा प्रवाह<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यु अन्य घटना दर्ता २०८४ वटा, नाता प्रमाणित ३९६ वटा, नागरीकता सिफारिस ९८७ वटा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । गाउँपालिकाले सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको लागि सबै वडामा पूर्ण रुपमा MIS प्रणाली लागू गरेको छ ।सेवाको लागत घटाइ समयको बचत गर्न पालिकाले सूचना प्रविधिमा आधारित सेवा प्रवाहमा जोड दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
मेला पर्व सहयोग खर्च<br><br>
वजेट वनाउदा तथा कार्यान्वयन गर्दा उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्दछ ।पालिकाले आन्तरिक श्रोत चालु शीर्षकबाट विभिन्न मेला पर्व मनाउन, संस्कृति संरक्षण गर्न साथै मठ मन्दिरको पूजा लगायतका कार्यमा सहयोग स्वरुप खर्च गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गरी उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो भौ न</th><th>कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१०३|२०७८|०७|०७</td><td>अस्थायी प्रहरी पोष्ट, सिन्दुजुरे मौलो पूजा</td><td>१५०००</td></tr>
<tr><td>१०५|२०७८|०७|०७</td><td>इलाका प्रहरी कार्यालय मादी कास्की</td><td>१५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०८।२०७८।०७।०७</td><td>तीजको लोक नृत्य प्रतियोगिता वापत हङ्ग्री आइ प्रोडक्सन</td><td>१००००</td></tr>
<tr><td>११५।२०७८।०७।१२</td><td>अस्थायी प्रहरी पोष्ट भगवतीटार विजयादशमी पर्व</td><td>१५०००</td></tr>
<tr><td>१६६।२०७८।०८।०९</td><td>भगवती मन्दिर व्षवस्थापन समिति</td><td>२००००</td></tr>
<tr><td>३९६।२०७८।११।२२</td><td>वडा नं ४ कुल मन्दिर संरक्षण</td><td>९३२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६८२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>राजश्व ढिला दाखिला<br><br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुनवमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट जिम्मेवार व्यक्तीले तोकिएवमोजिम ढाँचामा राजस्वको लेखा राखी वैक दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिका तथा वडा कार्यालयबाट संकलन भएको रकम मासिक रुपमा मात्र जम्मा भएको देखिएकले राजश्व दाखिला सम्बन्धी कार्यलाई नियमानुसार दाखिला गर्ने कार्यमा ध्यान दिनुपर्ने छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>न्यायीक समिति</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको ३ गरी कुल ३ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १८ | | | **वितरणमुखी खर्च**<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु.३४ लाख २२ हजार खर्च गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| **भौ न** | **कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम** | **रकम** |
|---|---|---|
| २४८।२०७८।०९।२१ | जुरे भुमे तप्राङ होम स्टे | १००००० |
| २८०।२०७८।१०।०२ | अपाङ्ग तथा ८० वर्ष ज्येष्ठ नागरिकलाई टर्च लाइट वितरण | ४०००० |
| ३२९।२०७८।१०।२४ | वडा नं १० टोल विकास संस्थालाई डस्टविन वितरण | ४८४९० |
| ३४०।२०७८।१०।२४ | वडा नं १० आरन स्तरोन्नति | ४०००० |
| ३७८।२०७८।०९।२१ | वडा नं १० सामूदायिक विकास कोष भाचोक बाख्रा वितरण | ३०००० |
| ३८९।२०७८।११।२२ | वडा नं ३ विपन्न वर्गलाई चुलो वितरण | २९०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४८।२०७८।०९।२१</td><td>वडा नं १ एकल महिलालाई बाख्रा खरिद तथा वितरण कार्यक्रम</td><td>४५०००</td></tr>
<tr><td>४१५।२०७८।१२।०६</td><td>वडा नं ४ अपाङ्ग आय आर्जन कार्यक्रम बाख्रा वितरण</td><td>५००००</td></tr>
<tr><td>४२४।२०७८।१२।०८</td><td>वडा नं १२ बाजा वितरण</td><td>३००००</td></tr>
<tr><td>४२६।२०७८।१२।०८</td><td>वडा नं १२ युवा लक्षित खेलकुद सामान वितरण</td><td>५००००</td></tr>
<tr><td>४३४।२०७८।१२।०८</td><td>वडा नं १ सोलार खरिद वितरण</td><td>७५०००</td></tr>
<tr><td>४४६।२०७८।०९।२१</td><td>वडा नं ३ अपाङ्ग सशक्तिकरण पुनस्थापना कार्यक्रम कुखुरा चल्ला, दाना वितरण</td><td>४९९००</td></tr>
<tr><td>४७९।२०७८।१२।२२</td><td>वडा नं ६ सैमराङ आमा समूह लुङ्गी खरिद</td><td>२००००</td></tr>
<tr><td>४८८।२०७८।१२।२३</td><td>वडा नं ९ का विद्यालयलाई खेलकुद सामग्री वितरण</td><td>९९८६९</td></tr>
<tr><td>४८९।२०७८।१२।२३</td><td>वडा नं ९ का विद्यालयलाई खेलकुद सामग्री वितरण</td><td>४९७७६</td></tr>
<tr><td>४९०।२०७८।१२।२३</td><td>वडा नं ७ का विद्यालयलाई खेलकुद सामग्री वितरण</td><td>४९८९९</td></tr>
<tr><td>५६९।२०७९।०१।२१</td><td>खेलकुद सामग्री वितरण</td><td>४८६५४९</td></tr>
<tr><td>६४३।२०७९।०२।२५</td><td>वडा नं ४ ध्रुव बाल क्लब</td><td>३५०००</td></tr>
<tr><td>६४६।२०७९।०२।२५</td><td>वडा नं ४ जनजाति आय आर्जन कार्यक्रम मौरी घार वितरण</td><td>४००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ६४७।२०७९।०२।२५ | वडा नं ५ खेलकुद सामग्री वितरण | ५०००० |
| ६७९।२०७९।०३।२५ | वडा नं ६ का विद्यालयलाई शैक्षिक सामग्री वितरण | १३०००० |
| ७८७।२०७९।०३।२० | वडा नं ७ गर्भवती तथा सुत्केरीलाई औषधी वितरण | ९७८१४ |
| ७९०।२०७९।०२।२५ | वडा नं ७ विपन्न दलितलाई सिलाइ मेशिन वितरण | ९१११२५ |
| ८०२।२०७९।०३।२१ | वडा नं ५ भँगेरीगाउँमा गुरुङ ड्रेस वितरण | ५०००० |
| ८०८।२०७९।०३।२१ | वडा नं १० सहकारी सुधार कार्यक्रम अन्तर्गत मकै खोला कृषि सहकारीलाई ल्यापटप वितरण | ५२५०० |
| ८१४।२०७९।०३।२१ | वडा नं ६ मा ग्यास चुलो वितरण कार्यक्रम | ३५७६८४ |
| ८६०।२०७९।०३।२४ | वडा नं १० अति विपन्न सहयोग कार्यक्रम बाख्रा वितरण | १००००० |
| २९५।२०७८।१०।०७ | वडा नं ४ मा महिला समूह आय आर्जन सहयोग | ४०००० |
| ४९७।२०७८।१२।२८ | सागर सुनार विश्वकर्मा सगरमाथा आरोहण अभियान सहयोग | ५००००० |
| ८३९।२०७९।०३।२३ | सुत्केरी भेटघाट कार्यक्रम | १२३५२० |
| ३२८।२०७८।१०।२३ | पोखरा जेसिसलाई सहयोग | २००००० |
| **जम्मा** | | **३४२२१२६** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>पदाधिकारीलाई भुक्तानीः<br><br>अर्थ मन्त्रालयको नीतिगत मार्गदर्शनमा आन्तरीक नियन्त्रणलाइ प्रभावकारी वनाउनको लागि भुक्तानी दिदा एकाउन्ट पेयी चेक मार्फत सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले विभिन्न वडामा वाटो सरसफाई कार्य निर्माण व्यवसायि मार्फत गरेकोमा सम्वन्धीत फर्म तथा संस्थालाइ भुक्तानी नदिइ कार्यालयका पदाधिकारीलाई भुक्तानी दिएको छ। सम्वन्धीतलाइ नै भुक्तानी हुने गरी लेखा व्यवस्थापन गर्नुपर्दछ। यसरी पदाधिकारीलाई भुक्तानी दिएका केही उदाहरण देहायअनुसार छन्:
<table>
<tr><th>कामको विवरण</th><th>कार्य गरेको फर्म</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>वडा नं १० वाटो सरसफाई</td><td>लामिछाने निर्माण सेवा</td><td>वडा अध्यक्ष कुल प्रसाद गुरुङ</td><td>५६०००</td></tr>
<tr><td>वडा नं ११ वाटो सरसफाई</td><td>वि एस कन्ट्रक्सन</td><td>वडा अध्यक्ष मित्र व गुरुङ</td><td>९५४५९</td></tr>
<tr><td>वडा नं १२ वाटो सरसफाई</td><td>चक्रदेवि कन्ट्रक्सन प्रा लि</td><td>वडा अध्यक्ष चित्र व गुरुङ</td><td>१०००००</td></tr>
<tr><td>वडा नं ३ वाटो सरसफाई</td><td>के सि कन्ट्रक्सन प्रा लि</td><td>वडा अध्यक्ष मन व गुरुङ</td><td>४७५१५</td></tr>
<tr><td>वडा नं ९ पाठापाठी तथा विउविजन वितरण</td><td></td><td>वडाअध्यक्ष तोरण व गुरुङ</td><td>९९९६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>आर्थिक सहायताः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. १८०००० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिकाले आर्थिक सहायतामा १३ लाख ५८ हजार खर्च लेखेको छ । | |

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| ९६।२०७८।०७।०४ | सन्तोष सापकोटा | ५००० |
| ९९।२०७८।०७।०४ | परमेश्वर सापकोटा | १०००० |
| ११२।२०७८।०७।०८ | वामदेव रानाभाट | १०००० |
| १७०।२०७८।०८।१० | धन कुमारी गुरुङ | १०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २५८।२०७८।०९।२५ | आशिष सापकोटा | १०००० | |
| | | | २६४।२०७८।०९।२७ | कुन्तीमाया गुरुङ | १०००० | |
| | | | २९६।२०७८।१०।०७ | कृष्ण गुरुङ | १०००० | |
| | | | २९९।२०७८।१०।०७ | बुद्धिमाया | १०००० | |
| | | | ३०४।२०७८।१०।१३ | आइतसिंह कामी | १०००० | |
| | | | ३४७।२०७८।१०।२६ | मिन बहादुर सार्की | १०००० | |
| | | | ३४८।२०७८।१०।२६ | दुतराज गुरुङ | १०००० | |
| | | | ३६८।२०७८।११।०५ | कृष्ण गिरी | १०००० | |
| | | | ३८३।२०७८।११।२० | नर कुमारी लामिछाने | १०००० | |
| | | | ३९८।२०७८।११।२३ | देउ बहादुर गुरुङ | १०००० | |
| | | | ५७७।२०७९।०१।२५ | मोहनवीर रानाभाट | १०००० | |
| | | | ५८४।२०७९।०१।२६ | जगतमति मगर | १०००० | |
| | | | ६४८।२०७९।०२।२६ | दल बहादुर खत्री | १०००० | |
| | | | ६५५।२०७९।०२।२६ | विमला परियार | ५००० | |
| | | | ७२३।२०७९।०३।२३ | गृय बहादुर गुरुङ | १०००० | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| | | | **जम्मा** **१८००००** | |
| २१ | | | **अनुगमन तथा भ्रमण खर्च**<br><br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १३ लाख ५५ हजार खर्च लेखेको छ । भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छ । | |
| २२ | | | **नक्सा पास**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकाले भवन निर्माण मापदण्ड, २०७७ स्वीकृत गरेको भएतापनि हालसम्म प्रभावकारी रुपमा कार्यान्वयन गरेको देखिदैन । भवन निर्माण मापदण्ड कडाइका साथ कार्यान्वयन गर्नु पर्दछ । | |
| २३ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट ३२ लाख ६ हजार विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **रकमान्तर**<br><br>अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख गरेको छ । यस पालिकाले आ व २०७८।७९ को वजेटमा ४८ योजनामा विनियोजन भएको रु ३७११९००० रकम घटाई हिउदे गाउँसभावाट १०१ योजनामा रु ३७१२६५९० रकमको बजेट रकमान्तर गरिएको छ ।असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ।साथै रकमान्तर रकममा समेत फरक परेको तथा नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ । | |
| २५ | | | **तालिम गोष्ठी तथा क्षमता अभिकृद्धि कार्यक्रम**<br><br>पालिकामा विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिकृद्धि कार्यक्रम सञ्चालन गर्ने मादी गाउँपालिका कार्यसञ्चालन निर्देशिका २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।त्यसै गरी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले तालिम तथा कार्यक्रम सम्बन्धी खर्चको मापदण्ड समेत जारी गरेको छ ।प्रदेश तथा स्थानीय तहबाट जारी भएका मापदण्ड तथा कार्यविधि दुवैमा प्र्शिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य तथा प्रकृति बमोजिम सहभागीको नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ । पालिका तथा वडाबाट विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दा आवश्यकता तथा क्षमताका आधारमा सहभागी समावेश गर्ने, कार्यक्रमको तालिका तथा विषयसूची तयार गर्ने, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट गर्ने,सेसन बमोजिमको कर्यपत्र तयारी भए नभएको निक्यौल गरेर मात्रै खर्च भुक्तानी गर्नपर्दछ ।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।तालिम सञ्चालनका केही उदाहरण निम्न बमोजिम रहेका छन् । | |

| गो भौ नं मिति | तालिमको विवरण | खर्च रकम |
|---|---|---|
| ४२१।२०७८।१२।०६ | सहकारी लेखा तथा व्यवस्थापन तालिम | ६०००० |
| ४८०।२०७८।१२।२२ | महिला लक्षित क्षमता विकास कार्यक्रम | ५०००० |
| २२१।२०७८।०९।०६ | गाउँ शिक्षा योजना | ८६५४० |
| १९१।२०७८।०८।२२ | स्वास्थ्यकर्मीलाई LMIS, DHIS, HMIS सम्बन्धी क्षमता अभिवृद्धि तालिम | २३५१०० |
| **जम्मा** | | **४३१६४०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **हेलीकप्टर भाडा**<br><br>सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी निर्देशिका, २०७७ मा सार्वजनिक निकायले वार्षिक स्वीकृत कार्यक्रमा बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा खर्चलाई थप मितव्ययी एवं नतिजामुखी बनाउनुपर्ने व्यवस्था छ ।पालिका अन्तर्गत वडा नं १ को सिक्लेस युवा क्लबले आयोजना गरेको साँस्कृतिक कार्यक्रमको उद्घाटन तथा सिक्लेस साँस्कृतिक ग्राम निर्माण योजनाका लागि गाउँपालिका अध्यक्ष हेलीकप्टर भाडामा लिइ सिकलेस भ्रमण गरेको देखियो । युवा क्लबले आयोजना गरेको कार्यक्रमको उद्घाघटनमा सिही क्लबबाट खर्च बेहोर्नुपर्नेमा पालिकबाट खर्च गरेको छ । | ८४,७५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यसरी अत्यावश्यक बाहेकका कार्यमा मितव्ययी भएर खर्च गर्नुपर्नेमा अन्य संस्थाको कार्यक्रममा सहभागिता जनाउन हेलीकप्टर भाडामा गरेको खर्च औचित्यपूर्ण नदेखिएको रु...</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>छपाई कार्यमा सोझै खर्च<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम, स्थानीय पाठ्यक्रम लगायत अन्य किताब तथा छपाई सामग्रीहरु रु. २०,४१,११८।- मा खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ। एकै प्रकृतिका सामग्रीहरुलाई एउटै प्याकेजमा लागत अनुमान तयार गरी प्रतिष्पर्धात्मक रुपमा खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।
<table>
<tr><th>भौचर नं/ मिति</th><th>खरिद विवरण</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३९।२०७८।०५।०९</td><td>वार्षिक बजेट तथा कार्यक्रम</td><td>आदर्श अफसेट प्रेस</td><td>१४०००७</td></tr>
<tr><td>१५९।२०७८।०८।०८</td><td>स्थानीय पाठ्यक्रम</td><td>आदर्श अफसेट प्रेस</td><td>७०६९६</td></tr>
<tr><td>२५३।२०७८।०९।२२</td><td>सचित्र मादी</td><td>प्रतिक अफसेट प्रेस</td><td>१४८८७७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३१।२०७८।१२।०८</td><td>मादीको लोक संस्कृति</td><td>कञ्चन प्रिन्टर्स</td><td>४४९५००</td></tr>
<tr><td>४४४।२०७८।१२।१५</td><td>मादीको पहिलो कार्यकाल</td><td>प्रतिक अफसेट प्रेस</td><td>४९३९९५</td></tr>
<tr><td>४७१।२०७८।१२।२१</td><td>मादीको पहिलो कार्यकाल</td><td>प्रतिक अफसेट प्रेस</td><td>४५५९९५</td></tr>
<tr><td>७२५।२०७९।०३।१३</td><td>शिक्षक पाठयोजना डायरी</td><td>प्रतिक अफसेट प्रेस</td><td>७९६६५</td></tr>
<tr><td>८१२।२०७९।०३।२१</td><td>स्थानीय पाठ्यक्रम कक्षा ६ र ७</td><td>मुनाल अफसेट प्रिन्टर्स</td><td>२०२३८३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०४१११८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सवारी साधन मर्मत खर्च<br><br>कार्यालयले यथासक्य मितव्ययी तथा प्रभावकारी खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।सवारी साधन लगायतका जिन्सी सम्पत्तिको प्रयोग गर्दा सञ्चालन खर्च अत्याधिक भएको अवस्थामा समयमा खर्च नियन्त्रणका वैकल्पिक उपायहरु पहिचान गरी नयाँ सवारी साधन खरिद गर्ने वा चालु सवारी साधन नै प्रयोग गर्ने सम्बन्धमा समयमै उचित निर्णय लिनुपर्दछ । कार्यलयको प्रयोगमा रहेको सरकारी नम्बर प्लेटको ग १ झ ३०४ नम्बरको सवारी साधनको वार्षिक मर्मत सम्भार शीर्षकमा रु १०११००७ खर्च गरेको देखियो । यसरी पूरानो सवारी साधनलाई ठूलो रकम मर्मतका लागि खर्च गर्नु भन्दा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बजेट विनियोजन गरेर नयाँ सवारी साधन खरिदमा जोड दिइ सार्वजनिक श्रोत साधनको अत्युत्तम उपयोग गर्नेतर्फ कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| २९ | | | **स्वीकृत दरवन्दी वेगरको करार सेवा**<br><br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा बाहेक कर्मचारी राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ (२) बमोजिम सार्वजनिक निकायले स्वीकृत दरवन्दी भित्रमात्र कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक अन्य पदमा ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था रहेकोछ। यस सम्बन्धी अन्य व्यहोरा निम्न बमोजिम रहेका छन् । | |
| २९.१ | | | पालिकाले मापदण्ड विपरीतको पदमा कार्यरत ३ जना सामाजिक परिचालकलाई दिइएको पारिश्रमिकको सम्बन्धमा आ व २०७७।७८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएकोमा यस वर्ष समेत निरन्तरता दिएको पाइयो । पालिकाले दरवन्दी भन्दा बाहेक निम्न कर्मचारी नियुक्त गरेको नियमसंगत नदेखिएको रु... | ५४०,००० |

| कर्मचारीको नाम | नियुक्ति गरेको पद | कार्य अवधि | मासिक तलब दर | भुक्तानी भएको तलब रकम |
|---|---|---|---|---|
| गिता सापकोटा | सामाजिक परिचालक | १२ महिना | १५००० | १८०००० |
| राममाया आले | सामाजिक परिचालक | १२ महिना | १५००० | १८०००० |
| धनमाया गुरुङ | सामाजिक परिचालक | १२ महिना | १५००० | १८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** — **५४००००** | |
| २९.२ | | | मिति २०७८।०५।३० को कार्यपालिका बैठकको निर्णयले खेलकुद विकास समितिको सदस्य सचिव श्री तारा बहादुर गुरुङलाई मिति २०७८।०६।०१ देखि मासिक ३०००० सेवा सुविधा उपलब्ध गराउने शर्तमा चार वर्षका लागि निर्णय गरी रु ३००००० भुक्तानी गरेको पाइयो ।यसरी दरबन्दी भएको पदमा आवधिक रुपमा नवीकरण हुने गरी सम्झौता गर्नुपर्नेमा दरबन्दी बेगर कार्यपालिका निर्णयको आधारमा नियुक्ति गरी भुक्तानी दिनु नियमित नभएको रु | ३००,००० |
| ३० | | | **शिलालेख उद्घाटन**<br><br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले नयाँ निर्माण भएका संरचनाहरुको उद्घाटनका लागि विभिन्न साइजका शिलालेख तयार गरी भुक्तानी गरेको छ ।३४ वटा शिलालेख तयारी गरेवापत विभिन्न बिल बिजकहरुबाट एम के मार्बल आर्टलाई रु ४५००, ५२००, ६५००, र ८५०० का दरले कुल रु २१३१२५ भुक्तानी गरेकोमा शिलालेखको साइज नखुलाइ भुक्तानी गरेको पाइयो ।साइज बमोजिमको दर निर्धारण गरी भुक्तानी माग एवं खर्च गर्नुपर्नेमा साइज उल्लेख नगरी फरक फरक दरमा गरेको भुक्तानी अनियमित देखिएको रु.. | २१३,१२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **औषधी खरिदः**<br><br>सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८५ को संशोधन उपनियम १ खण्ड ख बमोजिम नेपालमा उत्पादित २५ लाख सम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था भए अनुरुप पालिकाले प्रकाशित दररेट भन्दा कममा चिराग फार्मेसी प्रा.लि. बाट रु ११४५०१५।०० को औषधी खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन: • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको, • आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको, • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको, • पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br><br>सुरक्षित नागरिक आवास कार्यविधि २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसँग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलब्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य अगाडी बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलब्ध गराउने व्यवस्था | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रहेको छ।पालिकाले यस वर्ष १३,२०७८।१२।०९ र १५,२०७८।०२।१२मा ५ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु. ३००००।०० का दरले सुरक्षित नागरिक आवास अनुदान रकम वापत जम्मा रु १५००००।०० उपलब्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्बन्धमा अनुगमन मुल्याङ्कन गरी आवास निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>न्यून विजकिकरणः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा जिल्ला दररेट भन्दा ज्यादै न्यून मात्रामा विजक पेश गरेको देखियो।जिल्ला दररेटमा ओ.पि.सि. सिमेन्टको प्रति बोरा रु. ७७५ (भ्याट वाहेक) रहेकोमा पालिकाले देहायका उपभोक्तालाई सोही दरमा मु.अ.क. सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन दरको विजक पेश गरेकाले मुल्य अभिवृद्धि कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.१६,२९४
<table>
<tr><th>गो.भौ.न.</th><th>उपभोक्ता समिति</th><th>प्राबिधिक मुल्याङ्कन र भुक्तानीमा मु अ कर</th><th>उपभोक्ताले पेश गरेको विजकमा मु अ कर</th><th>फरक मु अ कर</th></tr>
<tr><td>सशर्त पूजिगत ११</td><td>च्याम्दी दोभान झोलुङ्गे पुल निर्माण</td><td>१६९४५</td><td>११८०१</td><td>५१४४</td></tr>
<tr><td>पूजिगत ५२</td><td>मझुवा गौरावारी बाटो ढलान</td><td>२५०८६</td><td>१८११९</td><td>६९६७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२१११</td></tr>
</table></td><td>१२,१११</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **...........** *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा घामनुङ खोला झो पु को मिति २०७९। १२।१६ को निर्णयबाट रु. ४१८३।- सम्परीक्षण गरिएको ।* | |
| ३४ | | | **पाठ्यपुस्तक वितरणः**<br><br>**...........** *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।१६ को निर्णयबाट रु. २९८२४।- सम्परीक्षण गरिएको ।* | ० |
| ३५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानिय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारको प्रत्याभूति गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानिय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। गाँउपालिकामा यस बर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत रु. ८९२६,०००।०० रकम विनियोजन भएकोमा विभिन्न वडामा योजना छनोट गरी रु ६४३२३३१।०० खर्च गरेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रको वडाहरुमा गोरेटो बाटो, सिढीँ निर्माण, प्रतिक्षालय निर्माण गर्ने कार्यक्रम सञ्चालन गरी यस वर्ष ९५ जनालाई रोजगारी उपलव्ध गराई ज्याला वापत रु. ४६७९००२७।०० खर्च गरेको छ।लक्षित वर्गलाई ८३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।। | |
| ३६ | | | **विद्यालयको भौतिक निर्माण अनुदानः**<br><br>स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यान्वयन पुस्तिका ०७७।७८ को क्रियाकलाप नं ११•१•२•४४५ मा उल्लेख छ । उक्त अनुदान | १,८००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यायलयको ड्रइङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने, विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने तथा उक्त बजेट विद्यालय र स्थानीय तह बीच सम्झौता गरी कार्यप्रगतिको आधमरमा उपलब्ध गराउने व्यवस्था रहेको छ।पालिकाले गो भौ नं २९।०७९।०३।२२ मा राष्ट्रज्योति माविलाई रु १८००००० निकासा उपलब्ध गराएकोमा अनुदान निकासा कार्यप्रगतिको आधारमा नदिएको र सो विद्यालयको भवन निर्माण कार्यको प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले खर्च पुष्टि गर्ने उक्त कागजात पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।१६ को निर्णयबाट रु. ६००००।- सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सोझै खरिदः<br><br>सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) मा सोझै खरिद सम्वन्धी व्यवस्थामा सार्वजनिक निकायले दश लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ।नियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमाभन्दा वढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा सस्थावाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा कार्यालयले एकै प्रकृतीको कामलाई टुक्रा वनाई विभिन्न फर्म संग छुट्टा छुट्टै कोटेशन माग गरी कार्य गरेको देखिन्छ।यसरी एकै प्रकृतीको कार्यलाई टुक्रा टुक्रा वनाई खरिद गरेको कार्य अनियमित देखिएको रु
<table>
<tr><th>भौ. नं.</th><th>विवरण</th><th>डेबिट</th></tr>
<tr><td>१४२</td><td>आरोग्य केन्द्रको फर्निचर खरिदबापत भुक्तानी गरिएको</td><td>१४८२२०</td></tr>
</table></td><td>१,८३७,००१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ९७ | वडाकार्यालय फर्निचर खरिद बापतको रकम भुक्तानी गरिएको | २२०३१५ | |
| | | | १७२ | संलग्न विल भरपाई र स्वीकृत टिप्पणी अनुसारको रकम भुक्तानी | १५२८३३ | |
| | | | १२ | संलग्न टिप्पणी आदेश बिल निवेदन दाखिला रिपोट अनुसारको रकम भुक्तानी गरिएको | ६०,००० | |
| | | | ७९ | संलग्न विल टिप्पणी आदेश र दाखिला प्रतिवेदनको आधारमा अर्मानी ट्रेडर्सलाइ रकम भुक्तानी | १३११५२ | |
| | | | ८९ | संलग्न टिप्पणी आदेश विल कोटेशनको आधारमा फर्निचर खरिद बापतको रकम भुक्तानी | ११५९९९ | |
| | | | ३२७ | संलग्न निवेदन विल खरिद आदेश दाखिला प्रतिवेदनको आधारमा फर्निचर खरिद | ८८,००० | |
| | | | ३४० | संलग्न निवेदन बिल र दाखिला को आधारमा मल्ल फर्निचर ल्यान्डलाई अफिस दराज खरिद | ३७,००० | |
| | | | ३६२ | संलग्न विल निवेदन खरिद आदेश दाखिला प्रतिवेदनको आधारमा फर्निचर खरिद | १२३६५०. | |
| | | | २८२ | स्वास्थय सस्थाका लागि फर्निचर खरिद | १३९५५५ | |
| | | | २१४ | स्वास्थय सेवा केन्द्रका लागि फर्निचर खरिद | ४९१०९४ | |
| | | | १६७ | स्वास्थ्य शाखा व्यवस्थापन फर्निचर खरिद | १२९१८३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा १८३७००१. | |
| ३९ | | | **तप्राङ वन्यजन्तु पार्कः**<br><br>तप्राङ वन्यजन्तु पार्क निर्माण सम्वन्धमा मादि गाउँपालिका र एन एम सि लोयल जे भि विच मिति २०७७।०२।२८ मा ६ महिना भित्र सम्पन्न गर्ने गरी रु.१९९८५७८६।९३ मा सम्झौता भएकोमा योजनाको स्थान विवादका कारण हालसम्म सम्झौता कार्यान्वयन हुन सकेको छैन।योजनाको स्थान विवाद सम्वन्धमाउच्च अदालत पोखरामा रिट दायर भएकोमा ठेक्का कार्यान्वयन नगर्ने भनी पालिकाको लिखित जवाफअनुसार २०७९।०१।२३ च नं १३१९७ को पत्रानुसार रिट खारेज भएको देखिन्छ।रिट खारेजी पश्चात पालिकाले निर्माण व्यवसायीलाई विभिन्न मितीमा पालिकामा सम्पर्कमा आउनु भनी पत्राचार गरेकोमा निर्माण व्यवसायी कार्यालय तथा कार्यस्थानमा उपस्थित नभएकोले थप कारवाही अगाडी वढाउन नसकिएको कार्यालयको भनाई रहेको छ।निर्माण व्यवसायीले कृषि विकास वैकमा राखेको कार्यसम्पादन जमानत रु.१६१५०००।०० को म्याद २०७८।०८।२७ मा सकिएकोमा कार्यालयले म्याद थप गर्न पत्राचार गरेकोमा वैकले म्याद थप गरेको देखिदैन। साथै अग्रिम पेश्की रु.२८५००००।०० भुक्तानी भएकोमा अग्रिम पेश्की जमानतको म्याद थप गर्न वैकलाई र निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा म्याद थप समेत भएको देखिदैन।पालिकाको गाउँसभाले उक्त निर्माण कार्य रोक्का गरी ठेक्का सम्झौता रद्द गर्ने तथा योजना कार्यान्वयन गर्न वजेट विनियोजन नगर्ने निर्णय गरेको अवस्थामा निर्माण व्यवसायीलाई भुक्तानी भएको पेश्की रकम असुल गरी ठेक्का सम्झौता रद्द गर्नुपर्ने देखिएको रु. | २,८५०,००० |
| ४० | | | **परामर्श सेवा खरिदः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिदमा रु १९१२८४२।०० थप खर्च भएको देखिन्छ।आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।
<table>
<tr><th>गो भौ नं</th><th>आयोजना</th><th>परामर्शदात</th><th>रकम</th></tr>
<tr><td>४२१</td><td>पुनस्वाँरा खोलाक्ले खोला डि पि आर</td><td>इन्फ्रा डेभलप कन्सल्ट प्रा लि</td><td>९१५०८</td></tr>
<tr><td>४३७</td><td>थुम्सिकोट मकैखोला भाचोक सडक डि पि आर</td><td>रोयल एक्सिस इन्जिनियरिङ प्रा लि</td><td>८७७७८४</td></tr>
<tr><td>४७७</td><td>गापा डिजिटल प्रोफाइल निर्माण</td><td>प्रयास प्रारम्भ प्रा लि</td><td>९४३५५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९१२८४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>खरिदमा ओभरहेड भुक्तानीः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान सम्वन्धी व्यवस्था गरिएको छ।सोहि व्यवस्थाअनुसार निर्माण कार्यमा मात्र ओभरहेड राखि लागत अनुमान तयार गर्नुपर्नेमा गर्नुपर्नेमा कार्यालयले झोलुङ्गेपुल निर्माणको लागि स्टिल पार्टस खरिद कार्यको लागत अनुमानगर्दा १५ प्रतिशत ओभरहेड समावेश गरी दर विश्लेषण गरेकोमा १०.३८ प्रतिशत न्युनतम कवोल गरी सम्झौता भएकोले न्युनतम लागतमा ४.६२ प्रतिशत वढी रकम समावेश गरी भगवती स्टिल पार्टस कम्पनीलाई रु.३१९९६४५।०० भुक्तानी गरेकोले मालसामान खरिदमा भुक्तानी भएको न्युनतम लागत अनुमान भन्दा वढी ओभरहेड रकम असूल गर्नुपर्ने रु</td><td>९४,९४२</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>न्युन प्रगतीः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले सडक तथा भवन निर्माण कार्यको लागि देहायवमोजिम निर्माण व्यवसायिविच सम्झौता भएकोमा सम्पन्न गर्न केहि समय मात्र वाँकि रहेको अवस्थामा समेत न्युन प्रगती रहेको देखिन्छ।कार्यालयले सम्वन्धित निर्माण व्यवसायीलाई जिम्मेवार वनाई समयमै सम्झौता अनुसार कार्य गर्नुपर्ने देखिन्छ। | |
| ४३ | | | **पेश्की बाँकी** | |

| निर्माण कार्य | निर्माण व्यवासयी | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्ने मिति | भुक्तानी रकम | प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|
| वडा नं ३ कार्यालय भवन | | ८००३९३९ | २०७८।९।१२ | २०७९।९।१२ | १९५९२०६ | २४.४७ |
| सिक्लेश सास्कृतिक भिलेज पर्यटन पुर्वाधार योजना | | ३०७८३१८५ | २०७८।०७।०५ | २०७९।१०।७ | ४७४२८७२ | १५ |
| १५ सैया अस्पताल | प्रतिष्ठा धुलिखेल जे भि | १३०७२९४२० | २०७८।०७।०८ | २०८०।०३।१० | पेश्की रु.६३२६३०१ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फर्छ्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फर्छ्यौट नगरेकोले उक्त पेश्की फर्छ्यौट गर्नुपर्ने देखिन्छ । | |

| · | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|---|
| १ | ५३ | संघीय सरकार पूर्वाधार निर्माण साझेदारी | मुक्तिनाथ प्राकृतिक जे भी | | २६,२०,००० |
| २ | ६६ | जिल्ला समन्वय समिति तथा अन्य निकाय सार्वजनिक निर्माण साझेदारी | माता वाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. | | ८,००,००० |
| ३ | १६०२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत १५ शैयाको अस्पताल निर्माण | प्रतिष्ठा धुलीखेल जेभी | | ६३,२६,३०१ |
| जम्मा | | | | | ९७,४६,३०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **पुस्तक लेखन तथा तयारी**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५७ मा बिल या बिजकको भुक्तानी खरिद सम्झौताको आधारमा गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाको संस्कृति संरक्षण हेतु स्थानीय बासिन्दा तथा विषय विज्ञका रुपमा झलकराम सुवेदीलाई "मादीको लोक | १५२,८८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संस्कृति" तथा "गाउँपालिकाका पहिलो पाँच वर्ष कार्यकाल" पुस्तक संकलन तथा लेखनका लागि सम्झौतामा उल्लेखित शर्तका अतिरिक्त काठमाडौं देखि पोखरा आवतजावत तथा पोखरामा होटलबास खर्च भुक्तानी गरेको देखियो ।यसरी लेखन वापत सम्झौता गरी रु ४४१००० भुक्तानी गरेको अवस्थामा अन्य कुराको कार्यक्षेत्रगत शर्त बेगर काठमाडौं पोखराको प्लेन टिकट र खाना बासका लागि होटल खर्च वापत रु १५२८८७ खर्च भुक्तानी गरेको अनियमित देखिएको रु... | |
| ४५ | | | **वढी दरमा मुल्यांकन तथा भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सको प्रयोग गर्नुपर्ने उल्लेख छ।यस कार्यालयले काउरे ज्यादु ताङतिङ सडकको अन्तर्गतको पिनिस्यो खोलामा मर्मत सुधार गर्दा सम्वन्धित साइटमा खनेको माटो तथा ढुवानी गरी ल्याएको माटोले पुर्ने कार्य गरेकोमा उक्त कार्यको दर विश्लेषण गर्दा जिल्ला दरमा पुर्ने कार्यको दर नभएको भनि मेसिनवाट कडा माटो काट्ने कार्यको दर राखि भुक्तानी गरेको छ।यसरी खनेको दरको उपभोक्ता समितीलाई छुट्टै मुल्यांकन गरी भुक्तानी गरेकोमा खनिसकेको माटोलाई तथा ढुवानी गरेको माटोलाई कडा माटोको दर रु.७८।५० राखि भुक्तानी गर्नु उचित देखिदैन।यसरी खनिसकेको माटोलाई नरम माटो खन्ने दर रु.६५।०० राखि मुल्यांकन गर्नुपर्नेमा रु.७८।५० राखि २५६५ घ मि कामको वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु. | ३४,६७८ |
| ४६ | | | **उपभोक्ता समिती छनौटः**<br><br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ। | |
| ४७ | | | **कार्यालयको काम उपभोक्ता समितीवाटः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ताआयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फतगराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ।कार्यालयले आफै निर्माण गर्नुपर्ने गाउँपालिका भवन कोठा थप योजनाको कार्य उपभोक्तासमिति मार्फत गराइभौ नं ४८, १३२ र १८० बाट रु१८०४७८० तथा वडा कार्यालय निर्माण वडा नं ६ मा भौ नं २४८ वाट रु.१३४२१८०।०० खर्चलेखेकोछ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्तगर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमाभएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै कार्यगराउने परिपाटिमा नियन्त्रण गरि यसमा कार्यालयले सुधार गर्नुपर्दछ।यसरी कार्यालयले अनिवार्य आफै गर्नुपर्ने निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ। | |
| ४८ | | | **वढी दरमा भुक्तानीः**<br><br>**...........** *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।१६ को निर्णयबाट रु. ७६८७।- सम्परीक्षण गरिएको ।* | ० |
| ४९ | | | **मेसिनमेड जालिमा हेण्डमेड जालीको दरमा भुक्तानीः** | ५४,२९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स अनुसार लागत अनुमान तथा दर विश्लेषण गर्नुपर्ने उल्लेख छ।यस कार्यालयले यस वर्ष वडा नं ११ मा सडक सुधार कार्य गरेकोमा जालिको काममा मेसिनमेड जालिको दर रु ४४८५ प्रयोग गर्नुपर्नेमा ४९४२ प्रयोग गरी भुक्तानी गरेकोले १३२ घ मि कामको रु५४२९१।०० वढी भुक्तानी भएको छ। यसरी मेसिनमेड जालिको दरको सट्टा हेण्डमेड जालिको दर विश्लेषण गरी वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. | |
| ५० | | | **पाइप खरिदः**<br><br>**..........** *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२।१६ को निर्णयबाट रु. ७६६८५७।- सम्परीक्षण गरिएको ।* | ० |
| ५१ | | | **रोजगारी सिर्जना नहुने कार्य उपभोक्ता समितीवाटः**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस पालिकाले सम्पूर्ण कार्यमा मेसिन प्रयोग हुने निर्माण योजना समेत उपभोक्ता समितिसँग सम्झौतागरि सम्पन्न गरेको छ।यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ। केहि व्यहोरा: | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं</td><td>निर्माण योजना</td><td>मुल्याङ्कन</td><td>भुक्तानी रकम</td><td>मेसिन प्रयोग बिल</td></tr>
<tr><td>१०९</td><td>काउरे ज्याउदु ताङतिङ सडक पिनिस्यो खोला मर्मत</td><td>२०७६६१५</td><td>१८६८९४३</td><td>२२५११४१</td></tr>
<tr><td>२६१</td><td>सेतिखोला रोहिफाँट सडक सुधार</td><td></td><td>४९५०००</td><td>१७३९००</td></tr>
<tr><td>२६५</td><td>पानिघाँट गिउजेखोला पोखरा २० जोड्ने सडक</td><td>१०९७३५४</td><td>९८४९००</td><td>१११२२००</td></tr>
<tr><td>२८५</td><td>सौँधाखोला खिलाङ सडक सुधार योजना</td><td></td><td>६०००००</td><td>६७२५७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>वढी दरमा मुल्यांकन तथा भुक्तानीः<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।१६ को निर्णयबाट रु. ४९००।- सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>वढी मुल्यांकनः<br><br>१४५।२०७८।११।०५ सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।कार्यालयले काहुँखोला दुधपोखरी सडक निर्माण कार्यको जाली भर्ने कार्यको मुल्यांकन गर्दा 2*1*1 जालीको काम ४४ घमि(२२ वटा) तथा 1.5*1*1 जालीको काम २७।४८ घमि(१९</td><td>१४,०७४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वटा) भएकोमा ग्याविन खरिद तथा तन्काउने कार्यमा देहायवमोजिम भरेको भन्दा वढी मुल्यांकन गरी भुक्तानी गरेकोले भरेको भन्दा वढी जालीको खरिद तथा तन्काउने रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>जालिको प्रकार</th><th>भरेको संख्या</th><th>तन्काएको संख्या</th><th>ग्याविन वनाएको संख्या</th><th>भरेको भन्दा वढी संख्या</th><th>भरेको तथा तन्काएको दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>2*1*1</td><td>२२</td><td>२५</td><td>२५</td><td>३</td><td>३४९०</td><td>१०४७०</td></tr>
<tr><td>1.5*1*1</td><td>१९</td><td>२१</td><td>२</td><td>२</td><td>२५८४</td><td>५१६८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१५६३८</td></tr>
<tr><td colspan="6">उपभोक्ता अंशपश्चात वढी भुक्तानी</td><td>१४०७४</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>फाउण्डेसनको काममा सुपरस्ट्रक्चरको दरः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गराएको भगवतीटार वसपार्कमाप्रतिक्षालय तथा सौचालय निर्माण वापत रु.७८३४६२।०० भुक्तानी भएकोमा ढलान निर्माण कार्यमा पिसिसि फाउण्डेसनमा कार्य भएकोमा सुपरस्ट्रक्चरको दररेट कायम गरि मुल्याङ्कन गरेको छ। पिसिसि १:१.५:३ फाउण्डेसनको दररेट प्रति युनिट रु ११३५८ कायम गरि मुल्याङ्कन गर्नेपर्नेमा पिसिसि १:१.५:३सुपरस्ट्रक्चरको दररेट प्रति युनिट रु १४२७८ को आधारमा मुल्याङ्कन गर्दा उपभोक्ता समितिलाई प्रतियुनिट रु</td><td>१९,०२६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २९२० बढि भुक्तानी भएको छ। यसरी ७.२४ घनमिटर कामको बढि भुक्तानी भएको रकम रु.२१११४०।०० मा उपभोक्ताको योगदानको अंश कट्टागरी असुल गर्नुपर्ने रु | |
| ५५ | | | **जालिको प्रयोग नखुलेकोः**<br><br>........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९। १२।१६ को निर्णयबाट रु. २०८१११।- सम्परीक्षण गरिएको ।* | ० |
| ५६ | | | **सिमाभन्दा वढीको काम उपभोक्ता समितीवाटः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम ९७(१) मा १ करोड सम्म लागत अनुमान भएको काम उपभोक्ता समितीमार्फत गराउन सकिने र त्यस्तो लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता अंश समेतको रकम समावेश हुने व्यवस्था रहेको छ।पालिकाले पुनश्वारा खोलाक्ले वृहत कृषि तथा पशुपालन पुर्वाधार निर्माण योजनाको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम वाहेको लागत अनुमान रु.९८७४३३२।०० (ओभरहेड र कन्टिन्जेन्सी समेत रु.११७५०४५५।०८) रकमको कार्य उपभोक्ता समितीमार्फत गराई रु.५४०९४७२।०० भुक्तानी गरेको छ।कार्यालयले नियमावलीले तोकेको सिमाभित्र रहि उपभोक्ता समितीमार्फत कार्य गराउनुपर्दछ। | |
| ५७ | | | **फरक नर्म्सः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।कार्यालयले पादुखोला सडक सुधार समितीलाई वाटोको काममा पिसिसि १:१.५:३ को भुक्तानी गर्दा सडक विभागको नर्म्स अनुसार प्रति घमि रु. २०५७५।०० का दरले भुक्तानी गर्नुपर्नेमा डोलिको नर्म्स प्रयोग गरी प्रति घ मि रु. २५२३४।०० का दरले | २७७,६२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी गरेको छ।यसरी नर्म्स फरक पारी ५९.५९ घ मि कामको प्रति घ मि रु.४६५९।०० का वढी दरले भुक्तानी गर्दा पालिकामा थप व्ययभार परेको रु. | |
| ५८ | | | **डण्डिमा वढी भुक्तानीः**<br><br>सार्वजनिकखरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्गविल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले भगवतीटार सामुदायिक भवन निर्माणको अन्तिम विल वापत के डि कन्ट्रक्सनलाई भौ नं ४२।०७८।०८।२३ वाट रु.१७७३७५।०० भुक्तानी गरेकोमा डण्डिको मुल्यांकन गर्दा भर्याङको भागको डण्डी घटाई भुक्तानी गर्नुपर्नेमा नघटाई भुक्तानी गरेकोले ४४ के जि डण्डीको प्रतिकेजि रु.१०० का दरले मु अ कर समेत असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. | ४,९७२ |
| ५९ | | | **सामाजिक सुरक्षा**<br><br>**भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले १२ वटै वडाको सामाजिक सुरक्षा माछापुच्छ्रे बैंक याङजाकोट मादी शाखाबाट वितरण गरेको छ। पालिकाले यस आ. ब. ४१३० जना लाभग्राहीलाई रु. १५६०९७६२५।०० भत्ता वितरण गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | अनुगमन तथा संमपरीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भएको वेरुजुको व्यहोरा निम्नानुसार रहेको छ । | |

| आर्थिक वर्ष | वेरुजु दफा नं | वेरुजुको व्यहोरा | रकम | फछ्र्यौटको आधार |
|---|---|---|---|---|
| २०७६।७७ | २६ | मु अ कर वढी भुक्तानी | ४८२५६ | विभिन्न योजनामध्ये ढोडेनी लुव्धि ग्रामिण सडक योजनाको रकम असुल भएको |
| २०७४।७५ | २९ | विल भन्दा वढी भुक्तानी | २९८३० | मादि ११ खेलकुद समितीवाट रकम असुल भई दाखिला भएको |
| जम्मा | | | ७८०८६ | |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण |
|---|---|
| १ | सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।कार्यालयले यस वर्ष विष्णुमाया सप्लायर्सवाट विभिन्न साइजको रु.१३९९७३७ को पाइप खरिद गरि भुक्तानि गरेकोमा वडा कार्यालयको सिफारिसका आधारमा वितरण गरेको देखिन्छ। कार्यालयले वितरणमुखी कार्यमा नियन्त्रण गर्नुपर्दछ । |

| पाइपको विवरण | परिमाण | रकम |
|---|---|---|

| क्र.सं. | बेरुजुको विवरण | | |
|---|---|---|---|
| | HDPE 32 mm 6kg/ $m^2$ | 4150 Rm | २७३८६६ |
| | HDPE 63 mm 10 kg/ $m^2$ | 2900 Rm | ४९२९९१ |
| | मु अ कर समेत जम्मा | 7050 Rm | ७६६८५७ |